प्रेस विज्ञप्ति

मिति:- २०८०/०२/२३

श्री कान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. मिनभवन, काठमाडौ र श्री उपलब्धि बहुउद्देश्यीय सहकारी संस्था लि. कैलाशचौर, काठमाडौका बचतकर्ता सदस्यहरुको बचत रकम फिर्ता गर्न नसकेको कारणबाट समस्या उत्पन्न भए पश्चात संस्थाका सम्बन्धमा यस विभागले विभिन्न मितिहरुमा प्रकाशित गरेको प्रेश विज्ञप्तिमा उल्लेख गरेका विषयहरुका अतिरिक्त हालसम्म गरेका प्रयास र प्राप्त विवरणहरु तपसिल बमोजिम रहेको व्यहोरा सर्वसाधारण र आम सरोकारवालाहरुका जानकारीका लागि अनुरोध छ ।

१. श्री उपलब्धि बहुउद्देश्यीय सहकारी संस्था लि. कैलाशचौर, काठमाडौका व्यवस्थापकलाई यस विभागमा उपस्थित गराई दर्ता नं. १७२५/२०६५/०६६ बाट दर्ता भएको श्री उपलब्धि बहुउद्देश्यीय सहकारी संस्था लि. मा हाल बचत तथा शेयर रकम फिर्ता सम्बन्धमा रकम अभाव भई समस्या हुन गएको हो ।सो समस्याका समाधान गर्नका लागि सहकारी संस्थाको नाममा रहेको वा सहकारी संस्थाको लगानी रहेको चल अचल सम्पत्तिको व्यवस्थापनबाट दायित्व पूर्ती नभएको खण्डमा मेरो श्रीमानको नाममा रहेको र मेरो नाममा एकलौटी तथा संयुक्त नाममा रहेको चल अचल सम्पत्ति/ कम्पनी (घर, जग्गा जमिनहरु) समेतबाट बचतकर्ताहरुको बचत तथा शेयर रकम तिर्ने बुझाउने प्रयोजनका लागि जे जो गर्नुपर्ने कार्य सम्पन्न गरी सबै किसिमको बचत तथा शेयर रकम फिर्ता गर्नमा मेरो पूर्ण मञ्जुरी रहेको छ । यस सहकारी संस्थाको दायित्व भुक्तान गर्नका लागि मेरो श्रीमान र मेरो तथा मेरा परिवारका सदस्यहरुको नाममा रहेको अन्य कम्पनी तथा व्यवसायको नाममा रहेको सम्पत्तिको समेत उपयोग गर्न मञ्जुर रहेको र मैले संस्थाका सम्पूर्ण बचतकर्ताहरुलाई यथाशीघ्र छिटो बचत तथा शेयर रकम फिर्ता गर्नमा मञ्जुरी रहेको छ भनी मञ्जुरीनामा गराइएको छ ।

२. श्री कान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. का सञ्चालक समितिका सदस्यहरुलाई विभागमा उपस्थित गराई दर्ता नं. २२४/०५३/०५४ बाट दर्ता भएको श्री कान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य तथा बचतकर्ता शेयर सदस्यहरुले बचत रकम फिर्ता माग गरी सहकारी विभागमा आइरहेको सम्वन्धमा हाम्रो संस्थामा बचत रकम अभाव भई समस्या आएको र सो समस्या समाधानका लागि सहकारी संस्थाको नाममा रहेका वा सहकारी संस्थाको लगानी रहेको चल अचल सम्पूर्ण सम्पतिको व्यवस्थापनबाट दायित्वको हिसाव मिलान नभएको अवस्थामा हामी अध्यक्ष, व्यवस्थापक र संचालकहरुको आफू र आफ्नो परिवारका नाममा रहेको सम्पति समेतबाट शेयर तथा बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्न हाम्रो मञ्जुरी छ, सम्पूर्ण बचत कर्ता शेयर सदस्यहरुको बचत तथा शेयर दायित्व यथासक्य छिटो फिर्ता गर्ने सम्बन्धमा हाम्रो सयुक्त प्रयास समेतबाट बचत कर्ताहरुको बचत तथा शेयर रकम तिर्ने बुझाउने प्रयोजनका लागि जे जो गर्नुपर्ने कार्य सम्पन्न गरी सबै किसिमको बचत तथा शेयर रकम फिर्ता गर्नमा हाम्रो पूर्ण मन्जुरी रहेको छ भन्ने प्रतिवद्धता सहितको मञ्जुरीनामा गराइएको छ।

३. श्री कान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. मिनभवन काठमाडौले वि. सं. २०८० असार मसान्त सम्म पाकेको ब्याज सबै शेयर सदस्य र बचतकर्ता सदस्यलाई उपलब्ध गराउने र बचत फिर्ताका अन्य योजनाहरुसमेत पेश गर्ने समय सिमा सहितको प्रतिवद्धता व्यक्त गरेको र विभाग एवं सम्बन्धित नियामक निकायबाट प्रतिवद्धता अनुरुप कार्य गरे नगरेको नियमित अनुगमन गर्ने र सोको विवरण नियमित रुपमा विभाग र सम्बन्धित नियामक निकायको वेभ साइटबाट सार्वजनिक समेत गरिने व्यहोरा अनुरोध छ ।

२०८०।२।२२

उपरजिष्ट्रार / सूचना अधिकारी